नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

पत्र संख्याः-०७७/७८
चलानी नं.:-

मितिः- २०७७/०५/३१

## भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट

## जारी आदेश

भक्तपुर जिल्लामा कोभिड-१९ को संक्रमण बढ्दै गइरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०६/०१ गते देखि लागू हुने गरी अर्को आदेश नभएसम्मका लागि भक्तपुर जिल्लाभरि स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२० बमोजिम देहायबमोजिमका क्रियाकलाप गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

निषेध गरिएका गतिविधिहरु :

१. भक्तपुर जिल्लाभित्र सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनहरु नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने गराउने गरी जोर/बिजोर प्रणालीमा सञ्चालन गर्नुपर्नेछ तर अत्यावश्यक सेवा, कार्यालय आवतजावत र सबै प्रकारका ढुवानीका साधनको हकमा जोर/बिजोर प्रणाली लागू हुने छैन ।

२. खुल्ला स्थानमा मानिसहरु भेला/जम्मा हुन, भीडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, भोजभतेर आदि कार्यहरू गर्न/गराउन,

३. मठ, मन्दिर, मस्जिद, चर्चलगायतका परम्परागत धार्मिक तथा सांस्कृतिक स्थलहरूमा दैनिक नित्य पूजाबाहेक भीडभाडजन्य गतिविधिहरु सञ्चालन गर्न/गराउन,

४. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र आदि) साथै शैक्षिक तथा अन्य परीक्षाहरू सञ्चालन गर्न/गराउन,

५. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, स्पा, सैलुन, व्यूटिपार्लर, स्वीमिङ्ग पुल, जिमखाना, हेल्थक्लब, समूहमा खेलिने खेलकुद र खेल प्रस्तुति, प्रदर्शनी, पुस्तकालय, संग्रहालयजस्ता क्रियाकलापहरू सञ्चालन गर्न/गराउन,

यस आदेशको कार्यान्वयन प्रभावकारीरूपमा गर्दै कोभिड-१९ को संक्रमणको जोखिमबाट आफू बच्न तथा अरूलाई बचाउन देहायबमोजिमका कार्य अनिवार्यरुपमा गर्ने/गराउने:

१. दैनिक क्रियाकलाप सञ्चालन गर्दा माक्सको अनिवार्य प्रयोग गर्ने, नियमित साबुन पानीले हात धुने वा स्यानिटाइजरको उचित प्रयोग गर्ने ।

२. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्यसम्बन्धी मापदण्डहरु अनिवार्यरुपमा पालना गर्ने/गराउने साथै सामाजिक/भौतिक दूरी कायम राख्दै तोकिएका गतिविधि सञ्चालन गर्ने/गराउने ।

३. नियामक निकाय तथा सम्पूर्ण छाता संघ/संगठनहरुले मातहतका निकाय/कार्यालय वा स्थानमा स्वास्थ्य मापदण्ड पालना भए नभएको विषयमा नियमित अनुगमन गर्नुपर्नेछ ।

४. कोभिड-१९ को संक्रमणको जोखिमबाट सुरक्षित रहन स्वास्थ्य सुरक्षा मापदण्ड तथा सामाजिक/भौतिक दूरी कायम गरी आफ्ना दैनिक क्रियाकलाप गर्नु हुन सम्पूर्ण जिल्लाबासी महानुभावहरुमा अनुरोध छ ।

साथै,

उल्लेखित आदेश विपरीतका गतिविधिहरु गरे/गराएको पाइएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

(हुमकला पाण्डे)
प्रमुख जिल्ला अधिकारी

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷 ६६१४६०७